**आकाशवाणी समाचार- नेपाली**

मितिः २३ मार्च २०२६

समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

- प्रधान मन्त्री नरेन्द्र मोदीले पश्चिम एशियामा जारी द्वन्द्व र हाल जारी र प्रस्तावित राहतका उपायहरूको सन्दर्भमा स्थितिको समीक्षा गर्न सुरक्षा सम्बन्धी मन्त्रिपरिषद् समितिको बैठकको अध्यक्षता गर्नुभयो।

- असम, केरलम र पुदुचेरीमा विधानसभा चुनावहरुको लागि नामांकन पत्र दर्ता गर्ने प्रक्रिया आज समाप्त हुनेछ। **यी दुई राज्य र केन्द्र शासित प्रदेशमा मतदान अर्को महिनाको ९ तारिख एकै चरणमा हुनेछ।**

- **केन्द्रीय वित्त तथा कर्पोरेट मामिला मन्त्री निर्मला सीतारमणले आज लोकसभामा कर्पोरेट कानून (संशोधन) विधेयक, २०२६ पेश गर्नुहुनेछ।**

- पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले भन्नु भएको छ कि निर्वाचन आयोगले आज एस.आई.आर. प्रक्रिया अंतर्गत पहिलो पूरक मतदाता सूची प्रकाशित गर्नेछ।

- आज राष्ट्रले महान स्वतंत्रता सेनानिहरु भगत सिंह, राजगुरु र सुखदेवलाई उहाँको शहादत दिवसमा श्रद्धांजलि अर्पण गरिरहेको छ।

**प्रधानमंत्री-सीसीएस बैठक**

प्रधान मन्त्री नरेन्द्र मोदीले पश्चिम एशियामा जारी द्वन्द्व र हाल जारी र प्रस्तावित राहतका उपायहरूको सन्दर्भमा स्थितिको समीक्षा गर्न सुरक्षा सम्बन्धी मन्त्रिपरिषद् समितिको बैठकको अध्यक्षता गर्नुभयो। श्री मोदीले भन्नु भयो , यो द्वन्द्व निरन्तर परिवर्तन हुने स्थिति हो र यसले सम्पूर्ण विश्वलाई कुनै न कुनै रूपमा प्रभाव पार्दछ। यस्तो अवस्थामा यो द्वन्द्वको प्रभावबाट नागरिकलाई जोगाउन हरसम्भव प्रयास गर्नुपर्ने उहाँले बताउनु भयो | नागरिकलाई न्यूनतम असुविधा होस् भन्नका लागि सरकारका सबै अङ्ग एकजुट भएर काम गर्न प्रधानमन्त्री मोदी ले निर्देशन दिनुभयो ।अत्यावश्यक वस्तुहरूको कालाबजारी र सञ्चय नहोस् भनेर सुनिश्चित गर्न राज्य सरकारहरूसँग उचित समन्वय सुनिश्चित गर्न पनि उहाँले आग्रह गर्नुभयो।मन्त्री समूह गठन गर्न प्रधानमन्त्रीले निर्देशन दिनुभयो , जसले समग्र सरकारी दृष्टिकोणमा समर्पित भएर काम गर्नेछ। उहाँले क्षेत्रीय समूहहरूलाई सबै सरोकारवालाहरूसँग परामर्श गरेर काम गर्न पनि निर्देशन दिनुभयो।

प्रधानमंत्री कार्यालयको बयान अनुसार बैठकको अवधि कैबिनेट सचिव डॉ. टी.वी. सोमनाथनले वैश्विक स्थिति र भारत सरकारका सबै संबंधित मंत्रालयहरु र विभागहरुद्वारा अहिलेसम्म उठाएका तथा नियोजित राहत उपायहरुमाथि विस्तृत प्रस्तुति दिएका थिए।

बैठकको अवधि कृषि, उर्वरक, खाद्य सुरक्षा, पेट्रोलियम, बिजुली , निर्यातक, शिपिंग, व्यापार, वित्त, सूक्ष्म-लघु र मध्यम उद्यम, आपूर्ति श्रृंखला र अन्य सबै प्रभावित क्षेत्रहरुमा अपेक्षित प्रभाव र यसको समाधानका लागि चालिएका उपायहरुबारे छलफल भएको थियो | भोजन, ऊर्जा र ईंधन सुरक्षा सहित आम मानिसहरुका लागि आवश्यक वस्तुहरुको उपलब्धताको विस्तृत आकलन गरिएको थियो। आवश्यक वस्तुहरुको लगातार उपलब्धता सुनिश्चित गर्नका लागि अल्पकालिक, मध्यमकालिक र दीर्घकालिक उपायहरुमा विस्तारसित चर्चा गरिएको थियो।

बैठकमा रसायन, फार्मास्यूटिकल्स, पेट्रोकेमिकल्स र अन्य औद्योगिक क्षेत्रहरुको लागि आवश्यक आयातका

स्रोतहरुमा  विविधता लाउनका लागि कयौ उपायहरुमाथि चर्चा गरिएको थियो  तथा भारतीय सामानहरुलाई बढ़ावा दिनका लागि निकट भविष्यमा  निर्यातको नयाँ  गंतव्य विकसित गरिन माथि चर्चा गरिएको थियो । विज्ञप्तिमा भनिएको छ  कि विभिन्न मंत्रालयहरुद्वारा प्रस्तावित कयौ  उपायहरुलाई सबै सरोकारहरूबाट  परामर्श पछि  आउने दिनहरुमा  तयार र लागू गरिनेछ ।

**केरल - नामांकन**

केरल विधानसभा चुनावको लागि नामांकन प्रक्रिया आज साँझ  समाप्त हुनेछ । ब्योरा हाम्रो  संवाददाता बाट ....

**BYTE**

**संसद**

केन्द्रीय वित्त तथा कर्पोरेट मामिला मन्त्री निर्मला सीतारमणले आज लोकसभामा कर्पोरेट कानून (संशोधन) विधेयक, २०२६ पेश गर्नुहुनेछ। यो विधेयकले सीमित दायित्व साझेदारी ऐन, २००८ र कम्पनी ऐन, २०१३ लाई संशोधन गर्ने लक्ष्य राखेको छ। यसका साथै, वित्त विधेयक, २०२६ पनि आज सदनमा विचार र पारितको लागि सूचीबद्ध  रहेकोछ । यो विधेयकले आर्थिक वर्ष २०२६-२०२७ को लागि केन्द्र सरकारको वित्तीय प्रस्तावहरूको कार्यान्वयनको व्यवस्था गर्दछ। यसबाहेक, केन्द्रीय गृहमन्त्री अमित शाहले आज राज्यसभामा केन्द्रीय सशस्त्र पुलिस बल (सामान्य प्रशासन) विधेयक, २०२६ पेश गर्नुहुनेछ। यो विधेयकले केन्द्रीय सशस्त्र पुलिस बलमा समूह 'ए' सामान्य कर्तव्य अधिकारीहरू र अन्य अधिकारीहरूको भर्ती र सेवा सर्तहरूसँग सम्बन्धित नियमहरूलाई नियमन गर्ने लक्ष्य राखेको छ। यसका साथै, विनियोजन (नम्बर २) विधेयक, २०२६ पनि आज राज्यसभामा विचार र फिर्ताको लागि सूचीबद्ध छ। यो विधेयकले आर्थिक वर्ष २०२६-२७ को सेवाहरूको लागि भारतको समेकित कोषबाट निश्चित रकमको भुक्तानी र विनियोजनलाई अधिकृत गर्ने प्रयास गर्दछ। लोकसभाले यो विधेयक पहिले नै पारित गरिसकेको छ

**मनोनयन - विधानसभा चुनाव**

आसाम, केरला र पुडुचेरीमा हुने विधानसभा चुनावका लागि मनोनयन पत्र दर्ता आज सम्पन्न हुनेछ। यी दुई राज्य र केन्द्र शासित प्रदेशमा मतदान अर्को महिनाको ९ तारिख एकै चरणमा हुनेछ। मनोनयन पत्रको छानबिन भोलि हुनेछ र उम्मेदवारहरूले २६ मार्च सम्म आफ्नो मनोनयन फिर्ता लिन सक्नेछन्।तमिलनाडुमा २३ अप्रिलमा एकै चरणमा मतदान हुनेछ। पश्चिम बंगालमा २३ र २९  अप्रिलमा दुई चरणमा मतदान हुनेछ। तमिलनाडु र पश्चिम बंगालमा विधानसभा चुनावको पहिलो चरणको सूचना यस महिनाको ३० तारिखमा जारी गरिनेछ। पश्चिम बंगालमा दोस्रो चरणको मतदानको सूचना  २ अप्रिलमा जारी गरिनेछ।चारै राज्य र केन्द्र शासित प्रदेशको मतगणना 4 मइमा हुनेछ।१२६ सदस्यीय असम विधानसभाको कार्यकाल  20 मइमा समाप्त हुनेछ भने १४० सदस्यीय केरला विधानसभाको कार्यकाल २३ मइमा समाप्त हुनेछ।

**दिल्ली विधानसभा - बजेट सत्र**

दिल्ली विधानसभाको बजेट सत्र आजदेखि  सुरु हुनेछ। यो सत्र यस महिनाको २५ तारिखसम्म जारी रहनेछ। दिल्ली विधानसभाका अध्यक्ष विजेन्द्र गुप्ताले आठौं विधानसभाको चौथो सत्रको दोस्रो भागको तयारीको समीक्षा गर्नुभयो। यो सत्र मुख्यमन्त्री रेखा गुप्ताले एक  समारोहमा भाग लिनुहुनेछ  र दिल्लीको आर्थिक सर्वेक्षण प्रतिवेदन पनि  प्रस्तुत  गर्नुहुनेछ ।दिल्ली विधानसभाले एक विज्ञप्तिमा राष्ट्रिय गीत, वन्दे मातरमको पूर्ण प्रस्तुतिबाट सत्र सुरु हुने  जानकारी गराएको छ। यस सत्रले दिल्ली विधानसभाले आफ्ना सदस्यहरूलाई सहयोग गर्न आफ्नै एआई-सक्षम च्याटबोट, "विधान साथी" सुरु गर्ने  जानकारी प्राप्त भएकोछ । यो एआई प्लेटफर्मले सदस्यहरूको लागि समर्पित विधायी अनुसन्धान सहायकको रूपमा काम गर्नेछ।

**पश्चिम बंगाल - पूरक सूची**

पश्चिम बंगालका  मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले भन्नु भएको छ  कि निर्वाचन आयोगले  आज एस.आई.आर. प्रक्रिया  अंतर्गत पहिलो  पूरक मतदाता सूची प्रकाशित गर्नेछ । यसमा ती मतदाताहरुको  नाम शामिल हुनेछ जसको कागजातहरुको  पूर्ण सत्यापन भएको छ र जो निर्णय सूचीमा विचाराधीन छ । निर्वाचन आयोगका  सूत्रहरुले बताए

अनुसार 27 लाख विचारधीन मतदाताहरुको रिकॉर्ड संशोधित भइसकेको छ।

**<u>पंजाब - शहीद दिवस</u>**

आज राष्ट्रले महान स्वतंत्रता सेनानिहरु भगत सिंह, राजगुरु र सुखदेवलाई उहाँको शहादत दिवसमा श्रद्धांजलि अर्पण गरिरहेको छ। यी देशका वीर सपुतहरुलाई आजकै दिन सन् १९३१ मा लाहोर सेन्ट्रल जेलमा फाँसी दिइएको थियो | यी तीन क्रान्तिकारीमाथि सन् १९२८,१७ डिसेम्बर का दिन ब्रिटिश पुलिस अधिकारी सांडर्सलाई गोली हानी हत्या गरेको आरोप लागेको थियो।